
वर्ष १३ अंक ९०, २०७५ कार्तिक १४ गते बुधबार, नेपाल सम्बत ११३८ LOKWANI DAILY Wednesday 31, Oct, 2018 पृष्ठ संख्या ४ मुल्य रू. ५।-

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

राष्ट्रिय दैनिक

फेसबुकमा : www.facebook.com/lokwani.daily




# एउटै गाउँमा ७ वटा मस्जिद

**लोकवाणी संवाददाता**

**भानु, कार्तिक १३**

तनहुँको भानु नगरपालिका-१३ को समजुर गाउँमा ७ वटा मस्जिद स्थापना गरिएको छ । मुसलमान समुदायका मानिसहरुले भगवानको प्रार्थना गर्ने स्थानको रुपमा मस्जिदको निर्माण गरिएको हुन्छ।

हाल करिब २ सय घरधुरी रहेको समजुर गाउँमा ७ वटा मस्जिदमा भेला भएर मुसलमान समुदायले प्राथना गर्ने समजुरमा मुस्लिम अगुवा तथा खोदा वकस मर्दसाका अध्यक्ष फजिर महमद मियाँले बताए।

समजुरमा नेपालकै सबैभन्दा पुरानो दावी गरिएको मस्जिद समेत रहेको मियाँले बताए । कुनै समय तनहुँको ठूलो मुसलमान बस्ती समजुरमा रहेपनि हाल २ सय घरधुरी मात्र मुसलमानहरु छन् ।

सदरमुकाम दमौलीमा बसोबास गर्ने ९० प्रतिशत भन्दा बढि




मुसलमानहरु समजुरबाट नै झरेको सिरानोगाउँ मस्जिदका अध्यक्ष हाजी महमद याकुवले बताए ।

अहिले प्रार्थना गर्ने व्यक्तिहरु धेरै नहुँदा प्राय सबै मस्जिदहरु खाली नै हुने उनको भनाई छ । 'पहिले निकै भिड हुन्थ्यो', उनले भने, 'अहिले सबै खाली-खाली हुन्छ तर पनि सबै मस्जिदमा प्रार्थना गरिन्छ।' मस्जिदमा बकर इद र इदुलफित्रमा भने निकै रमाईलो हुने उनले बताए । ठूला चाडपर्वमा दमौलीमा रहेका मुसलमानहरु पनि समजुर फर्कने हुँदा यी दुई चाडमा निकै रमाईलो हुने फजिर महमद मियाले बताए ।

केही मस्जिद जीर्ण भईसकेपनि बजेटको अभावमा मर्मत गर्न नसकिएको उनले बताए । प्रतिनिधि सभाका सांसद कृष्णकुमार श्रेष्ठसँग मस्जिद मर्मतको लागि बजेट माग गरिएकोमा सांसद श्रेष्ठले सहयोग गर्ने प्रतिबद्धता जनाएको हाजी याकुवले बताए । समजुरका प्राय सबै घरका एक/एक जना वैदेशिक रोजगारीमा गएको हुँदा युवाहरुको अभाव भएका उनले बताए ।

# योजना छनौटमा जुटे सांसद

**लोकवाणी संवाददाता**

**दमौली, कार्तिक १३**

तनहुँबाट प्रतिनिधि सभा निर्वाचित दुई सांसद स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि योजना छनौटमा जुटेका छन् ।

तनहुँ निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य कृष्णकुमार श्रेष्ठ र निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य केदार सिग्देल आ-आफ्नो क्षेत्रमा सञ्चालन हुने योजना छनौटका लागि जुटेका हुन ।

दुवै सांसदहरुले आ-आफ्नो क्षेत्रका प्रदेश सांसद र स्थानीय तहका प्रमुख सहितको बैठक राखेर प्रस्तावित योजनाहरु माग गरेका छन् । क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य श्रेष्ठले आइतबार र क्षेत्र नम्बर २ का प्रतिनिधि



सभा सदस्य सिग्देलले सोमबार जिल्ला समन्वय समितिमा बैठक राखी योजना बारे छलफल गरेका छन्।

बैठकले आफ्नो निर्वाचन क्षेत्र भित्र नियम बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाहरुको विवरण संकलन गरी समितिलाई उपलब्ध गराउने निर्णय भएको बताइएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यन्वयन र व्यवस्थापनको कार्यलाई सहजीकरण गर्न निर्वाचन क्षेत्रमा कार्यक्रम परामर्श समिति गठन गरिएको छ । प्रत्यक्ष निर्वाचित सांसद संयोजक रहने समितिमा समानुपातिक प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभाका सदस्य, प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख र

*(बाँकी पृष्ठ ३ मा)*

# वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण

**लोकवाणी संवाददाता**

**भानु, कार्तिक १३**

जिल्लाको भानु नगरपालिका-८ ले मंगलबार वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

यसअघि ज्येष्ठ नागरिकले बैंकबाट भत्ता बुझ्ने गरेकोमा वडाले कार्यालयबाटै ओम विकास बैंकको



सहयोगमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो । वडा अध्यक्ष भरतराज ढकालले ज्येष्ठ नागरिकलाई सहज होस् भन्ने उद्धेश्यका लागि वडा कार्यालयबाटै भत्ता वितरणको व्यवस्था गरिएको जानकारी दिए।

मंगलबार चालु आर्थिक वर्ष २०७५/७६ को प्रथम किस्ता बापत १ सय ८२ ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम वितरण गरिएको वडा सचिव भगवान त्रिपाठीले जानकारी दिए । उनका अनुसार साउनदेखि कार्तिकसम्म चार महिनाको प्रति महिना २ हजार रुपैयाँका दरले १४ लाख ५६ हजार रुपैयाँ वितरण गरिएको छ।

वडामा सामाजिक सुरक्षा भत्ता बुझ्ने ४ सय ३८ लाभग्राही छन् । बाँकी २ सय ५६ जनालाई बुधबार वडा कार्यालयमा नै भत्ता वितरण गरिने वडा सचिव त्रिपाठीले बताए।


# शुभकामना आदानप्रदान

**लोकवाणी संवाददाता**

**म्याग्दे, कार्तिक १३**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) म्याग्दे गाउँपालिका वडा नम्बर ३ संयन्त्रको आयोजनामा मंगलबार शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

वडा संयन्त्रका सदस्य हुमबहादुर आलेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सभा सदस्य आशा कोइराला, प्रतिनिधि सभा सदस्य केदार सिग्देल, नेकपा जिल्ला संयन्त्रका सदस्य श्रीप्रसाद श्रेष्ठ, म्याग्दे गाउँपालि संयन्त्रका सदस्यहरु रत्ना घिमिरे, ईन्द्रबहादुर अधिकारी, शम्भु अधिकारी लगायतले मन्तव्य राखेका थिए।




**मित्रता स्वास्थ्य क्लिनिकको सूचना**

विगत लामो समयदेखि काठमाडौं वीर अस्पतालमा कार्यरत पेट, छाती, मुटु, मधुमेह तथा थाइराइड रोग विशेषज्ञ **डा. सुनिल पौडेल**द्वारा दैनिक स्वास्थ्य परीक्षण गरिन्छ।

*पुनश्च : श्वास फेर्न गाह्रो हुने, छाती दुख्ने, सुगर तलमाथि भएका तथा थाइराइड विरामीले सम्पर्क गर्नुहोला ।*

समय : बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेपछि

MBBS (KU), MD, Internal Medicine (NAMS, Bir Hospital) NMC No 7808

**मित्रता स्वास्थ्य क्लिनिक**

व्यास-३ अनसचौतारी, दमौली, तनहुँ

फोन : ०६५-५६२६०७,

मोवाइल : ९८१६१६८४८८, ९८४१४७९०५८

हाम्रा सेवाहरु : दैनिक विरामी जाँच, प्रसुति तथा स्त्रीरोगको विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा, ड्रेसिङ, प्लाष्टर परिवार नियोजन परामर्श सेवा, सुरक्षित गर्भपतन, एक्सरे, भिडियो एक्सरे, इसिजि सेवा, माइनर अप्रेशन, फार्मेसी सेवा, साथै अन्य सेवाहरु र उचित परामर्श

**लोकप्रिय स्वास्थ्य क्लिनिकको सूचना**

**२०७५ भदौ १७ गते शनिबार**

१)काठमाडौं मेडिकल कलेज सिनामंगलमा कार्यरत वरिष्ठ छाला यौनरोग तथा सौन्दर्य विशेषज्ञ **डा. प्रसन्नराज श्रेष्ठ**द्वारा स्वास्थ्य परीक्षण ।

**२०७५ भदौ २४ गते शनिबार**

१) पद्म नर्सिङ होम पोखराका वरिष्ठ नाक, कान, घाँटीरोग विशेषज्ञ **डा. कुलदिप नारायण अग्रहरि**द्वारा स्वास्थ्य परीक्षण ।

एम्बुलेन्सका लागि सम्पर्क नम्बर : ९८२६१६८६३३/९८४६०५५८४२

**लोकप्रिय स्वास्थ्य क्लिनिक**

व्यास-२, गणेशमानचोक, दमौली (सम्पर्क : ०६५-५६२३८२, ९८४१३२२३५९)

लोकवाणी
दैनिक

**संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)**

## ✍ सम्पादकीय......

# बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाऔं

आज र भोलि देशभरका बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम रहेको छ। राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत जन्मेको ६ महिनादेखि ५ वर्ष उमेर सम्मका सबै बालबालिकालाई आज र भोलि देशभर भिटामिन ए र जुकाको औषधी खुवाईने छ। हुन त भिटामिन ए र जुकाको औषधी स्वास्थ्य संस्थाहरुमा जुन बेला पनि खुवाउन सकिने भएपनि हरेक बर्ष सरकारले देशव्यापी रुपमा अभियान सञ्चालन गरेर नै यो कार्यक्रम सञ्चालन गर्छ। यो अभियानको लागि सबै वडाका सबै स्वास्थ्य संस्था र पायक पर्ने स्थानमा खोप केन्द्र सञ्चालन गर्ने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। यो अभियानको लागि सबै महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरिने छ। बाल मृत्युदर घटाउन र भिटामिन ए को कमीको कारण बालबालिकाको आँखामा लाग्ने रोगबाट बचाउन हरेक बर्ष भिटामिन ए खुवाईने छ। यो अभियानबाट हरेक बर्ष १२ हजार बालबालिकालाई मृत्युको मुखबाट बचाउन सकिने युनिसेफ र स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भिटामिन ए र जुकाको औषधी सेवन गर्न पाउनु बालबालिकाको अधिकार हो। अभिभावकहरुले बालबालिकाको यो अधिकारप्रति जिम्मेबार भई आफ्ना बालबालिकालाई पायक पर्ने खोप केन्द्रमा लगी भिटामिन ए र जुकाको औषधी खुवाउनु पर्छ। यस भन्दा अघि यो औषधि खुवाई सकिएको भएपनि अभियानको क्रममा पनि खुवाउनु पर्छ। सरकारले करोडौं खर्च गरेर अभियान सञ्चालन गर्ने हुँदा अभिभावकहरुले पनि आफ्ना बालबालिकाको स्वास्थ्यप्रति सचेत बनी आफ्ना बालबालिकालाई उक्त औषधीहरु खुवाउन लैजानु पर्छ। यो अभियानमा कुनै पनि बालबालिकाहरु बञ्चित हुनु हुँदैन। स्वास्थ्य नै सबैभन्दा ठुलो धन हो भन्ने मर्मलाई बुझेर अभियानको क्रममा बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाई रोगहरुबाट बचाउनु पर्छ। सबै स्थानीय तहले पनि यो अभियान सञ्चालन गर्न सबै संयन्त्रहरु परिचालन गर्नु पर्छ। कुनै अभिभावक वा बालबालिकाले यो अभियानको सुचना नपाउन पनि सक्छन् त्यसैकारण घर दैलोमा पुगेर भएपनि बालबालिकालाई भिटामिन ए र जुकाको औषधी सेवन गराउनु पर्छ।


'अमुल्य भाषा, संस्कृतिको संरक्षण गरौ । भाषा,संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौ ।'

महोत्सवका मुख्य आकर्षण
- आदिवासी नमुना गाउँ ।
- विभिन्न जातजातीका खानाका स्टल।
- आदिवासी जनजातीका संस्कृती प्रदर्शनी ।
- ऊँटको नृत्य ।
- बिज्ञान तथा शैक्षिक प्रदर्शनी ।
- फोटो प्रदर्शनी ।
- मादीसेती नदीमा जलबिहार ।
- निशुल्क स्वास्थ्य शिविर ।
- राष्ट्रिय तथा स्थानीय कलाकार तथा हास्यकलाकारको प्रहसन/प्रदर्शनी।
- कौरा तथा लोकदोहोरी प्रतियोगिता ।
- धार्मिक तथा ऐतिहासिक स्थलको अवलोकन तथा प्रबर्द्धन ।
- कृषि तथा घरेलु उत्पादनको प्रदर्शनी तथा बिक्री कक्ष ।
- अटो मोबाइल प्रदर्शनी तथा बिक्री ।
- रमाइलो मेला
- सुचना प्रविधी प्रदर्शनी ।




सह- आयोजक :
नेपाल मगर संघ तनहुँ, तमु ह्यूल छोंज धिं, नेवाः खल, दरै समाज, भुजेल समाज, तामाङ घेनुङ्ग समाज, दुरा समाज, कुमाल समाज, बोटे समाज, राई समाज, थकाली समाज, चेपाङ समाज

आयोजक
नेपाल आदिवासी जनजाती महासंघ
जिल्ला समन्वय परिषद, तनहुँ

सम्पर्क : ९८५६००४४४०, ९८४६०४०३३१, ९८४६३१७८७९, ९८४६०६२४५१


## Government of Nepal (GoN)
### Ministry of Federal Affair and Local Development
# BANDIPUR RURAL MUNICIPALITY
Executive Office of Bandipur Rural Municipality
Gandaki Province
Bandipur, Tanahun

## Invitation for Sealed Quotation for the Bandipur Dharapani Tharubaas Road Drain Construction Work

Contract Identification No: BDTRDC/13/2075/076

***First Date of publication: 2075 Kartik 14***

1. The Government of Nepal GoN has allocated funds or received a loan/credit/grant from GoN towards the cost of Dharapani Tharubaas Road Drain Construction Work and intends to apply part of the funds to cover eligible payments under the Contract for Dharapani Tharubaas Road Drain Construction Work and identification number of Contract: BDTRDC/13/2075/076. Quotation is open to all eligible Nepalese Bidders.
2. Office of Bandipur Rural Municipality invites sealed quotation from eligible bidders for the construction works of Dharapani Tharubaas Road Drain Construction Work under National Competitive Bidding procedures. Only eligible bidders with the following key eligibility criteria should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Quotation Documents at the Office of Bandipur Rural Municipality, Bandipur, Tanahun, Tel No: 065-520123, 065-520177.
4. A complete set of Quotation Documents may be purchased from the Office of Bandipur Rural Municipality, Bandipur, Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance etc and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2075 Kartik 28.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank :
Name of Office: Office of Bandipur Rural Municipality, Bandipur, Tanahun
Office Code no. : 43-365-05
Office Account no.: 5741498636524001 Rajaswa (revenue) NIC Asia Bank Ltd. Dumre Branch
Office Account no.: 06003000000003000014 Dharauti (revenue) Nepal Bank Ltd., Damauli Branch

5. Sealed quotation must be submitted to the office of Bandipur Rural Municipality, Bandipur, Tanahun by hand/courier before 12:00hr on 2075 Kartik 29. Bids received after this deadline will be rejected.
6. The quotation will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hr. on 2075 Kartik 29 at the office of Bandipur Rural Municipality, Bandipur, Tanahun. Quotations must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.30,000, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the bidder has to deposit cash in deposit account no : 06003000000003000014 of Bandipur Rural Municipality, in Nepal Bank Limited, Damauli, Tanahun and shall submit bank deposit voucher along with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer Bandipur Rural Municipality shall has all the right for acceptance and rejection of the contractor in the bidding process.

| Contract No. | Description of Works | Minimum bid security amount | Estimated Amount Excluding Vat and Contingency |
|---|---|---|---|
| BDTRDC/13/2075/076 | *Dharapani Tharubaas Road Drain Construction Work* | NRs. 30,000/- | NRs. 11,58,888.80/- |



तनहुँ क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य केदार सिग्देल आफ्नो क्षेत्र अन्तर्गत रहेको व्यास नगरपालिकाको वडा नम्बर ५ मा भएको तथा गर्नुपर्ने विकास निर्माणका कार्यहरू सम्बन्धमा वडा अध्यक्ष मोहनकुमार श्रेष्ठसँग जानकारी लिँदै। *तस्बिर : लोकवाणी*

# किरियापुत्री भवन निर्माणका लागि सहयोग

लोकवाणी संवाददाता
**दमौली, कार्तिक १३**

व्यास-३ स्थित व्यास गुफा क्षेत्रमा निर्माण भइरहेको किरियापुत्री भवनका लागि विभिन्न व्यक्ति तथा संघसंस्थाले सहयोग गर्ने क्रम जारी रहेको छ।

रकम हस्तान्तरण गर्दै सुवर्णकारले किरियापुत्री भवन सबैको साझा भवन भएकोले आफूहरुको समाजबाट समेत सहयोग गर्न पाउँदा खुशी लागेको बताए।

समितिका अध्यक्ष लम्सालले किरियापुत्री भवनको निर्माण कार्य सम्पन्न गर्नका लागि समितिले सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेको उल्लेख गर्दै हालसम्म सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे। व्यास-३ स्थित व्यास गुफा क्षेत्रको पूर्वतर्फ निर्माणाधीन ८ कोठे उक्त भवन ५० लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न गरिने समितिले जनाएको छ।



यसै सन्दर्भमा भवन निर्माणका लागि व्यास-२ स्थित विश्वकर्मा गुठी समाज दमौलीले १० हजार १ सय ५ रुपैयाँ सहयोग गरेको छ। उक्त रकम समाजका अध्यक्ष रामलिला सुवर्णकार लगायत पदाधिकारीले निर्माण समितिका अध्यक्ष उपेन्द्र लम्साललाई हस्तान्तरण गरेका छन्।

# सत्यवतीमा बालिका दिवस

लोकवाणी संवाददाता
**दमौली, कार्तिक १३**

व्यास-२ दमौलीस्थित सत्यवती माध्यमिक विद्यालयमा बालिका दिवसको अवसरमा विविध कार्यक्रम सम्पन्न भएको छ।

रुम टु रिडको सहयोगमा विद्यालयमा कक्षा ५, ६ र ७ मा अध्ययनरत विद्यार्थीहरुबीच बालिका शिक्षा तथा रजस्वला शीर्षकमा वक्तृत्वकला प्रतियोगिता, चित्रकला प्रतियोगिता तथा म्युजिकल चियर प्रतियोगिता आयोजना गरियो।

वक्तृत्वकला प्रतियोगितामा आँचल सिग्देल र प्रकृती भण्डारी, चित्रकलामा सन्देश रानाभाट तथा म्युजिकल चियरमामा सिर्जना थापा प्रथम भएका थिए।

विजेताहरुलाई पुरस्कार वितरण गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्य अधिकारीले यसखाले कार्यक्रमले विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटनमा सहयोग पुग्ने बताए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक इन्द्रप्रसाद पौडेल, शिक्षक अभिभावक संघका अध्यक्ष रामचन्द्र सापकोटा, रुम टु रिडका समुदाय परिचालक लक्ष्मी नेपाल, शिक्षक सोविता कर्माचार्य लगायत सहभागी थिए।

# भ्रष्टाचारको मुद्दामा डा. भक्तमान श्रेष्ठ दोषी ठहर,

**काठमाडौं, कार्तिक १३**

विशेष अदालतले चितवनको भरतपुरस्थित बीपी कोइराला क्यान्सर अस्पतालका तत्कालीन अध्यक्ष डा. भक्तमान श्रेष्ठलाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गरेको छ।

विशेष अदालतका अध्यक्ष बाबुराम रेग्मी, न्यायाधीशद्वय र लबहादुर बागचन्द, प्रमोदकुमार श्रेष्ठ वैद्यको इजलासले मंगलबार श्रेष्ठलाई १ वर्ष कैद र १ करोड १८ लाख ६६ हजार ७७६ रुपैयाँ जरिवानाको फैसला सुनाएको छ।

क्यान्सर अस्पतालको अध्यक्ष रहँदा डा. श्रेष्ठले १ करोड ६७ लाख ५७ हजार ११३ रुपैयाँ अवैध सम्पत्ति आर्जन गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २ फागुन २०७२ मा विशेष अदालतमा भ्रष्टाचारको मुद्दा हालेको थियो।

विशेषले ४८ लाख ९० हजार ३३७ रुपैयाँ बैध सम्पत्ति भएको विशेषको ठहर छ। बाँकी र १ करोड १८ लाख ६६ हजार ७७६ रुपैयाँ अवैध सम्पत्ति आर्जन गरेको ठहर गर्दै यो बराबर श्रेष्ठको सम्पत्ति जफत हुने फैसला सुनाएको छ।

अदालतले श्रेष्ठकी श्रीमती शिलु श्रेष्ठलाई भने सफाइ दिएको छ। विशेषज्ञ चिकित्सकका रूपमा २०५४ सालमा सेवा प्रवेश गरेका श्रेष्ठ २०६४ भदौदेखि २०६७ सालसम्म क्यान्सर अस्पतालको कार्यकारी निर्देशक भएका थिए।

# योजना...

गाउँपालिकाका अध्यक्ष र नगरपालिकाका प्रमुख सदस्य रहनुभएको छ। उक्त समितिको सदस्य सचिव जिल्ला समन्वय अधिकारी रहने व्यवस्था छ।

जसअनुसार निर्वाचन क्षेत्र नम्बर १ मा श्रेष्ठको संयोजकत्वमा प्रतिनिधि सभा सदस्य कलिला खान, राष्ट्रिय सभा सदस्य प्रकाश पन्थ, गण्डकी प्रदेशका सदस्य रामबहादुर गुरुङ, हरिबहादुर चुमान, डोवाटे विक र सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले र उपप्रमुख पवित्रा पौडेल, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, भानु नगरपालिकाका प्रमुख उदयराज गौली, बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापा र देवघाट गाउँपालिकाका अध्यक्ष दुर्ग बहादुर थापा सदस्य रहेका छन्।

निर्वाचन क्षेत्र नम्बर २ मा सिग्देलको संयोजकत्वमा गण्डकी प्रदेश सभा सदस्य आशा कोइराला, किरण गुरुङ, शुक्लागण्डकी नगरपालिकाका प्रमुख किसान गुरुङ, भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापा, घिरिङ गाउँपालिकाका अध्यक्ष रन बहादुर राना, रिसिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ र म्याग्दे गाउँपालिकाका अध्यक्ष माया राना सदस्य रहेका छन्।

# ताप्लेजुङका व्यवसायीलाई स्वागत

लोकवाणी संवाददाता
**दमौली, कार्तिक १३**

ताप्लेजुङ उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरेको नेतृत्वमा आएको व्यवसायी टोलीलाई मंगलबार तनहुँ उद्योग वाणिज्य संघले स्वागत गरेको छ।

सो अवसरमा तनहुँ उद्योग वाणिज्य संघ र ताप्लेजुङ उद्योग वाणिज्य संघद्वारा सञ्चालित गतिविधि एवं दुई संघबीच सहकार्यका सम्भावित क्षेत्रहरुको बारेमा छलफल भएको थियो।

कार्यक्रममा तउवासंघका अध्यक्ष मानकाजी श्रेष्ठले दुई संघबीच आगामि दिनमा व्यावसायिक सम्बन्ध अझ विस्तार हुने बताए।

कार्यक्रममा तउवासंघका कोषाध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, ताप्लेजुङ उद्योग वाणिज्य संघका पदाधिकारी, दुवै संघका कार्यसमिति सदस्यहरु, ताप्लेजुङका अलैची व्यवसायी, अलैची कृषक लगायत सहभागी रहेको संघका कार्यकारी सचिव विश्वेश्वर तिमिल्सिनाले जानकारी दिए।

## देवघाट गाउँपालिकाको सूचना तथा विशेष अनुरोध

देवघाट गाउँपालिकालाई २०७५ सालभित्र पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने उद्देश्य लिइएको हुँदा यस कार्यक्रमलाई सफल पार्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सम्पूर्ण गाउँपालिकावासी नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं।

**पूर्ण सरसफाईका सूचकहरु**

**क) चर्पीको प्रयोग** : सबैले सँधै सुरक्षित चर्पीमा दिसापिसाब गर्ने गरेको, चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको छ।

**ख) साबुन पानीले हात धुने बानी** : चर्पीको प्रयोग पछि, खाना खानु र खुवाउनु अघि र पछि, कुनै फोहोरा कुरा र विषादी छोएपछि तथा गाईवस्तुको मलमुत्र व्यवस्थापन पछि, बिरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि।

**ग) सुरक्षित पानीको प्रयोग** : पानी प्रयोग गर्ने सबै भाडाहरु सफा राखेको छोपेको, इनार, ह्याण्डपम्प र सुक्षित मुहानहरुको पानी खाने गरेको वा खानेपानी सुरक्षा योजना लागु भएको वितरण प्रणालीको पानी पिउने गरेको वा पानी असुरक्षित भए घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको।

**घ) सुरक्षित खानाको प्रयोग** : खाना पकाउने भाडा भान्छा सफा र सुरक्षित तथा खाना छोपेर राख्ने गरेको। खानेकुरालाई ७० डिग्री सेल्सियस भन्दा माथिल्लो तापक्रममा पकाएर खाने गरेको। खानेकुरा भण्डारण गर्नुपरेमा ५ डिग्री से. भन्दा कम तापक्रममा गर्ने गरेको अन्यथा बासी सडेगलेको नखाने गरेको। पकाएको र काँचो खानालाई भण्डारण तथा व्यवस्थापन गर्ने गरेको। सुरक्षित पानी र खाद्य पदार्थको मात्र प्रयोग गरी खानेकुरा बनाउने गरेको तथा काँचै खानेकुराहरु राम्रोसँग पकाएर खाने गरेको।

**ङ) सफा घर आँगन** : घर आँगन सधै सफा राख्ने गरेको। घरबाट निस्कने फोहोरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको। पानीको उचित व्यवस्थापन गर्ने गरेको। घरबाट निस्कने फोहोरपानीको उचित व्यवस्थापन गर्ने गरेको। पशुपंक्षीको लागि छुट्टै गोठ, टहरा र खोर बनाई तीनको मलमुत्रको व्यवस्थापन गर्ने गरेको। धुँवारहित भान्छाकोठा भएको।

**च) वातावरणीय सरसफाई** : खुल्ला दिसामुक्त अवस्था भएको गाउँ सफा, बाटोघाटो, चौतारी, पौवा तथा सार्वजनिक स्थानहरु, संरक्षित पानीका मुहान वितरण प्रणाली। खानेपानी सुरक्षा प्रणाली लागु भएको। वायु प्रदुषण नभएको। फोहोरमैलाको उचित व्यवस्थापन भएको। हरियाली वातावरण र पार्कको व्यवस्था भएको।

**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

फेरी खुल्यो, अमेरीका जाने चिट्ठा !
EDV 2020
भोली होइन आजै भर्नुहोस।
भरे पर्न सक्छ, नभरे पर्दै पर्दैन।
असोज १७ गते बाट
कार्तिक २० गते सम्म
फर्म पाइने स्थान:
Golden Computer
Vyas-2 Damauli
065-562512
9846170254
9819127918

# तीन महिनामा तनहुँमा १६ जनाले ज्यान गुमाए, ८५ घाइते

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १३**

चालु आर्थिक वर्ष २०७५/७६ को तीन महिनाको अवधिमा तनहुँमा भएको सवारी दुर्घटनामा १६ जनाले ज्यान गुमाएका छन् ।

साउन, भदौ, असोज र कार्तिक ९ गतेसम्मको अवधिमा जिल्लाको विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा परी १० पुरुष, ५ महिला र १ बालकले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

यसैगरि सोही अवधिमा भएको दुर्घटनामा परी ८५ जना घाइते भएका छन् । जसमध्ये ४७ जना गम्भीर घाइते भएका थिए भने ३८ जना सामान्य घाइते भएका थिए ।

साउन महिनामा भएको १३ सवारी दुर्घटनामा ४ जनाले ज्यान गुमाएका छन् भने १७ जना घाइते भएका छन् । भदौ महिनामा भएको १७ सवारी दुर्घटनामा ४ जनाले ज्यान गुमाएका छन् भने १९ जना घाइते भएका छन् ।

असोज महिनामा भएको १७ सवारी दुर्घटनामा ६ जनाले ज्यान गुमाएका छन् भने २३ जना घाइते भएका छन् ।




ट्राफिक प्रहरी कार्यालयका अनुसार कार्तिक ९ गतेसम्म भएको २ सवारी दुर्घटनामा २ जनाले ज्यान गुमाएका छन् भने २६ जना घाइते भएका छन् । उक्त अवधिमा ६ ट्रक, १६ बस, ३ माइक्रो, ८ जिप, १ ट्याक्टर र २१ मोटरसाइकल दुर्घटनामा परेका छन् ।

ट्राफिक प्रहरी प्रमुख कृष्णबहादुर क्षेत्रीले सवारी दुर्घटनालाई न्यूनिकरण गर्न पैदलयात्री, सवारी चालक, यातायात व्यवसायी र विद्यालयका विद्यार्थीहरुलाई ट्राफिक नियम सम्बन्धि चेतनामूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

# वडा अध्यक्षको नेतृत्वमा बजार अनुगमन

**कमलमोहन घिमिरे**
**खैरेनीटार, कार्तिक १३**

जिल्लाको शुक्लागण्डकी नगरपालिका-६ को नेतृत्वमा खैरेनीटार बजारको अनुगमन गरिएको छ ।

तनहुँ उद्योग वाणिज्य संघ खैरेनी बजार इकाई, इलाका प्रहरी कार्यालय, नागरिक समाज, टोल विकास संस्था लगायतको सहभागितामा बजारको अनुगमन गरिएको हो ।

वडा अध्यक्ष कृष्ण बहादुर पौडेलको नेतृत्वमा वडा नम्बर ६ र ७ स्थित खैरेनीटार बजारको अनुगमन गरिएको हो ।

अनुगमनको क्रममा बजारमा व्यवसाय गर्दा पसलको बरण्डा भन्दा बाहिर राखेर व्यवसाय नगर्न, होटल व्यवसाय गर्दा स्वास्थ्य र सरसफाईलाई ध्यान दिन, म्याद गुज्रेका खाद्य तथा पेय पदार्थ बिक्री वितरण नगर्न व्यवसायीलाई सुझाव दिइएको छ ।

अनुगमनमा वडा नम्बर ७ का वडा अध्यक्ष राम बहादुर क्षेत्री थापा, शुक्लागण्डकी नगरपालिकाका प्रवक्ता खिम बहादुर कुमाल, नेकपाका श्रीराम अधिकारी, नेपाली कांग्रेसका रेशमलाल पौडेल, प्रहरी निरीक्षक श्रवण कुमार विक, शुक्लागण्डकी नगरपालिका वडा नम्बर ६ का वडा सदस्य बुद्धि बहादुर थापा, खैरेनीटार बजार इकाईका सभापति पूर्ण बहादुर कायस्थ लगायत सहभागी थिए ।


## भरोसा स्वास्थ्य क्लिनिकको सूचना

१) अन्नपूर्ण हस्पिटल पोखराका वरिष्ठ बालरोग विशेषज्ञ **डा. विधान घिमिरे**द्वारा स्वास्थ्य परीक्षण
(**प्रत्येक शनिबार**)

२) गण्डकी अस्पताल र मेट्रोसिटी हस्पिटल पोखराका वरिष्ठ फिजिसियन पेट, छाती, मुटु, सुगर, थाइराइड विशेषज्ञ **डा. सचिन ढकाल**द्वारा स्वास्थ्य परीक्षण। (**प्रत्येक महिनाको पहिलो शनिबार**)

**भरोसा स्वास्थ्य क्लिनिक**
व्यास-२, गणेशमानचोक, दमौली
(विद्यार्थी पुस्तक पसलसँगै) सम्पर्क : ९८४११२७६५७


# हार्दिक समवेदना

**जन्म**
१९८२/४/७



**स्वर्गारोहण**
२०७५/७/१

**स्व. तेजप्रसाद अधिकारी**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तनहुँका जिल्ला सदस्य एवं देवघाट गाउँपालिका संयन्त्रका सदस्य बाबुराम अधिकारीको पुजनीय पिता **तेजप्रसाद अधिकारी**को असामयिक निधन भएको दुःखद घडिमा दिवगंत आत्माप्रति चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

**माननीय कृष्णकुमार श्रेष्ठ (किसान)**
**प्रतिनिधि सभा सदस्य**
**तनहुँ निर्वाचन क्षेत्र नम्बर १**

**लोकवाणी पब्लिकेशन प्रा.लि. का** लागि **अध्यक्ष/प्रधान-सम्पादक** : प्रेमप्रसाद पौडेल, **सम्पादक** :प्रकाशचन्द्र भट्टराई, **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी (९८४६२७४६३६)
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली **Email : lokwanidaily@gmail.com,** मुद्रण:विज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४